# धनगढीमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा
मधेश प्रदेश, नेपाल

## औषधी खरीद सम्बन्धी शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना।

**(प्रथम पटक सूचना प्रकाशन मिति २०८०।०१।३१ गते)**

धनगढीमाई नगरपालिकाको चालू आर्थिक वर्ष २०७९।०८० को लागि अत्यावश्यक औषधी खरिद गर्नु पर्ने भएकोले प्रचलित कानून बमोजिम योग्य आपूर्तिकर्ताबाट प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ दिन भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको website:www.bolpatra.gov.np/egp मार्फत विद्युतिय (E-bidding) दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

१. खरिद गरिने औषधीको किसिम तथा परिमाण (E-bidding) दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ।

२. (E-bidding) दरभाउपत्र खरिदको दसतुर बापतको रकम रू.१०००।०० (फिर्ता नहुने गरी) धनगढी, सिरहा स्थित कुमारी बैंक लि. धनगढी, सिरहामा रहेको यस कार्यालयको राजस्वको कोड नं.८०१०२१६०४ र आन्तरिक राजश्व खाता नं.२६४०२४७७०२८००००१ मा जम्मा गरेको बैंक भौचर पेश गरि (E-bidding) दरभाउपत्र खरिद गर्न सकिने छ।

३. औषधी व्यस्था विभागमा फर्म दर्ता भएको प्रमाण पत्र, फर्म नवीकरण प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र, स्थाई लेखा नं., आ.ब.२०७८।०७९ को कर चुक्ताको प्रमाण पत्र वा म्याद थप पत्रको प्रमाणित भएका प्रतिलिपिहरु सहित १६ औं दिनको बिहान १२:०० बजेसम्म बिद्युतिय शिलबन्दी दरभाउपत्र खरिद गरी पेश गर्नु पर्नेछ। शिलबन्दी दरभाउपत्र दाताले शिलबन्दी दरभाउपत्र कागजातको प्रत्येक पानामा सहि छाप गरेको हुनु पर्नेछ।

४. शिलबन्दी दरभाउपत्र पेश गर्दा शिलबन्दी दरभाउपत्र साथ तोकिएको धरौटी रकम धनगढीमाई नगर कार्यपालिकाको कार्यालय धनगढी, सिरहाको कुमारी बैंक लि. धनगढी स्थित धरौटी खाता नं. २६४०२४७७०२८०००१२ मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न गर्नु पर्नेछ।

५. दर्ता भएका (E-bidding) दरभाउपत्र दर्ता गर्ने समय समाप्त भएपछि लगतै (E-bidding) दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा धनगढीमाई नगर कार्यपालिकाको कार्यालय, धनगढी, सिरहामा खोलिनेछ। शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन। पुर्व निर्धारित मितिमा कारण वस शिलबन्दी दरभाउपत्र नखोलिएको अवस्थामा शिलबन्दी दरभाउपत्र र शिलबन्दी दरभाउपत्र जमानतको मान्य अवधिको गणना पुर्व निर्धारित मिति देखि नै गरिने छ।

६. शिलबन्दी दरभाउपत्रहरु खरिद गर्ने, दर्ता गर्ने एंव खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु क्रमशः विदाको लगतै पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ।

७. शिलबन्दी दरभाउपत्रमा आइटम बाइज अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर विच फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ। केरमेट भएमा शिलबन्दी दरभाउपत्र दाताको सहिछाप भएको हुनु पर्नेछ।

८. सार्वजनिक खरिद नियमावली २०६४ को दफा ८४ को (१क) र सार्वजनिक खरिद ऐन २०६३को दफा ४० अनुसार शिलबन्दी दरभाउपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नवाझिएको, पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै साजय नपाएको भनि लिखित रुपमा स्वयम घोषणा गरेको पत्र पेश गर्नु पर्नेछ।

९. एक फर्म, संस्था वा कम्पनिको नाममा खरिद गरिएको शिलबन्दी दरभाउपत्र अर्को फर्म, संस्था वा कम्पनिको नामवाट पेश गर्न पाईने छैन।

१०. औषधी आपूर्ति गर्ने करार अवधि भित्र कुनै किसिमको मूल्य वृद्धि दिइने छैन्।

११. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा कारण खोली वा नखोली खरिद प्रक्रियालाई रद्द गर्ने सम्पूर्ण अधिकार यस धनगढीमाई नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ। शर्त राखी तथा रित नपुगी पेश गरेको शिलबन्दी दरभाउपत्र मुल्यांडकन प्रक्रियामा समाबेश गरिने छैन।

१२. औषधीको म्यादका सम्बन्धमा औषधी दाखिला हुने समयमा कम्तिमा १८ महिनाको Expiry Date बाँकी हुनुपर्ने छ तर कुनै औषधीको Expiry Date जम्मा १८ महिना भन्दा कम हुने अवस्थामा Expiry Date को ७५ प्रतिशत म्याद दाखिला हुने मितिमा बाँकी हुनु पर्नेछ।

१३. औषधी आपूर्ती गर्दा यस कार्यालयबाट स्वीकृत स्पेशिफिकेसन, नेपाल सरकारबाट मान्यता प्राप्त Company हरुबाट उत्पादित तथा WHO GMP Certified औषधीहरु मात्र आपूर्ती गर्नु पर्नेछ। आपूर्ती हुने औषधीको प्रत्येक पत्ता बाहिर निःशूल्क वितरणको लागि छाप लगाईएको हुनु पर्नेछ।

१४. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।

१५. Bill of Quantity (BOQ) मा उल्लेख भएका औषधीको आईटम र परिमाण अनुसारको औषधीहरु मात्र उपलब्ध गराउन पर्ने छ। कुनै औषधीको परिमाण तोकिएको भन्दा कम र कुनै औषधीको परिमाण तोकिएको भन्दा बढी संख्यामा उपलब्ध गराएमा कार्यालयले अस्विकार गर्नेछ।

१६. शिलबन्दी दरभाउपत्रहरु सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा वा शिलबन्दी दरभाउपत्र सम्बन्धी हेर्नु परेमा यस धनगढीमाई नगर कार्यपालिकाको कार्यालय सिरहाको वेभ साइट www.dhangadhimaimun.gov.np मा हेर्न सकिन्छ वा यस कार्यालयको सम्पर्क नं. ९८६१५७६१४९, ०३३-५४५२७१ मा सम्पर्क राख्न सकिनेछ।

१७. आपूर्ती गर्ने औषधीहरु सम्झौता भएको मितिले एकै किस्तामा १५ दिन भित्र आपुर्ती गर्नु पर्नेछ।

**<u>दरभाउपत्रहरु सम्बन्धी विवरण:</u>**

| सि.नं. | बोल पत्र नं. | कामको विवरण | लागत अनुमान मु.अ.कर बाहेक | धरौटी रकम | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | DH-Mun-SQ-02-079-080 | औषधी खरिद | रु.२४,९५,८९३।०१ | ७५,०००।०० | रु.१०००।०० |

प्रमुख प्रशासकीय अधिकृत